राजेन्द्र भट्टराई
प्रमुख प्रशासकीय अधि...

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

### १नं.प्रदेश, फिक्कल,इलाम

**विषय :–शिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशितमिति : २०७४/०७/२७)

यस कार्यालय अर्न्तगत निम्नानुसारको निर्माण कार्य शिलबन्दी बोलपत्रवाट गराउनुपर्ने भएकोले नेपाल सरकारवाट इजाजतप्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुकालागि निम्नशर्तहरुको अधिनमा रहि यो रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्रफाराम यो सूचनाप्रकाशितभएको मितिले ३० (तीस) दिनभित्रप्रोपाइटर वानिजको अधिकृत प्रतिनिधिवाट रितपूर्वक दस्तुर (पछि फिर्ता नहुने गरी) रष्ट्रिय बाणिज्य बैक फिक्कल मा रहेको नगरपालिकाको संचितकोष बैकं खाता नं. २१००३०४०१८१०२ मा जम्मागरि यस कार्यालय र जिल्ला समन्वय समितिबाट खरिद गर्न सकिने छ । माथि उल्लेखित कार्यालयहरुबाट खरिद नभएको र यसनगरकार्यपालिकाको कार्यालयमा पेश नगरिएको बोलपत्रलाई मान्यतादिईने छैन ।

२. बोलपत्रकागजात खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरुले नियमानुसारको दस्तुर बुझाएको रसिद पेश गरी निवेदनदिनु पर्नेछ । निवेदन साथ आ. ब. ०७४।७५ सम्म नविकरण भएको उद्योग दर्ता प्रमाण पत्र, ठेक्का (इजाजत) प्रमाण पत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व.०७३/७४सम्मको कर चुक्ताको प्रमाणपत्र हरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

३. खरिद गरिएका बोलपत्रफारम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले ३१ (औ) दिनको १२.०० वजे भित्र यस कार्यालयमा दाखिलागर्न सकिने छ । दाखिला हुनआएका बोलपत्रहरु सोहीदिनको २:०० वजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकारप्राप्तप्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्रखोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्रफिर्ता तथा संसोधनगर्न चाहाने बोलपत्रदाताहरुले बोलपत्रदर्ता गरीने अन्तीम समय भन्दा २४ घण्टा अगावै शिलबन्दीपत्र सहित दर्ता गराउनु पर्नेछ ।

५. बोलपत्र खरिद गरिने अन्तिम दिन वा बोलपत्रबुझाउने अन्तिमदिन विदा पर्न गएमा सो को लगतै कार्यालयखुलेको दिन बोलपत्रखरिद गर्न वा बुझाउन सकिने छ ।

६. बोलपत्रको खामवाहिर ठेक्कानम्बर, दाखिलागरिने कार्यालयको नाम, ठेगाना,कामको विवरण र बोलपत्रदाताको नाम, ठेगाना ,फोन नं (घरको, मोवाईलको) र ई मेल स्पष्ट लेखिएको हुनु पर्नेछ ।

७. बोलपत्र साथ रष्ट्रिय बाणिज्य बैक फिक्कलस्थित धरौटी खाता नं. २१००३०३००७१०२ मा निर्माण सेवाको नामवाट तपसीलमा उल्लेखित जमानतवापतको रकम जम्मागरेको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एकसयबीस दिन) म्यादभएको नेपाल सरकारवाट मान्यताप्राप्त 'क' श्रेणीको बाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममाजारी गरिएको जमानीपत्र (Performance Bond) पेश गर्नु पर्ने छ । सो जमानीपत्र/भौचर मा सम्बन्धित ठेक्कापट्टा नं र कामको विवरण उल्लेख भएको हुनु पर्ने छ । सम्झौता सम्पन्न भएपछि मात्र जमानतवापतको रकम फिर्ता गरिनेछ । बोलपत्रको मान्यअवधी ९० दिनको हुनेछ ।

८.बोलपत्रदाताले कुनै सार्वजानिकनिकायसँग सम्झौता गरी कुनै कार्य प्रारम्भ गरेको भए त्यस्तो निकाय, कामको बिवरण, सम्झौताको रकम र कार्य प्रगती विवरण पेश गर्नुपर्ने छ ।

८. बिधुतिय संचार (E-BID) माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताको लागि ठेक्कासँग सम्बन्धितकागजात खरिद गर्न यस कार्यालयको राष्टिय बाणिज्य बैंक, फिक्कलको संचितकोष खाता नं २१००३०४०१८१०२ मा यस कार्यालयबाट उल्लेख गरिएको रकमजम्मा गरी www.bolpatra.gov.np बाट डाउनलोड गर्न सकिनेछ । साथै धरौटी बापत जम्मागरिने सम्पूर्ण रकम यस कार्यालयको राष्टिय वाणिज्य बैंक फिक्कल शाखामा रहेको धरौटी खाता नं. २१००३०३००७१०२ वा नेपाल राष्ट बैंकबाट मान्यताप्राप्त क वर्गका बैंकहरुमाजम्मा गरी आधिकारिक सहीछापका साथ सम्पूर्ण अन्यकागजातहरु सँग स्क्यान गरी वाpdfबिनाई विधुतीय माध्यमबाट पेश गर्न सकिनेछ । बोलपत्रदाताहरुले सम्पूर्ण कागजातको Hard copy ठेक्काखोलिएको दिनको ७ दिनभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्नेछ । सो नभएमामुल्यांकनकार्यबाट हटाई धरौटी रकम जफतगरिनेछ ।

९. बोलपत्रदाताले स्पष्ट रुपमा अंक तथा अक्षर दुवैमा दररेट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यतादिईनेछ ।

राजेन्द्र भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

१०.एउटा फर्मको नामवाट खरिद गरिएको बोलपत्रफारम अर्को फर्मकोनाममा दाखिलागर्न पाईने छैन ।

११. बोलपत्रदाताले बोलपत्र पेश गर्दा मुल्यअभिवृद्धि कर वाहेकको रकम उल्लेख गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

१२. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्रदाता स्वयम् आफैले बुझाउनु पर्नेछ ।

१३. *अन्य विस्तृत विवरण* ***Bid Document****को* ***Bid Data*** *मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने* जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।

१४. सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएका, रित नपुगेको, म्याद नाघी पेश हुनआएको बोलपत्रउपर कुनै कारवाहीगरिने छैन ।

१५. वोलपत्रको परीक्षण र मूल्यांकन, वोलपत्रको सूचनाको शर्तहरु,**BID DOCUMENTS**,स्पेशिफिकेसन तथा प्रचलित ऐन नियमअनुसार हुनेछ र गुणस्तर परीक्षण गर्न लाग्ने सम्पूर्ण खर्च कवोल दररेटमा नै समावेश गर्नुपर्नेछ ।

१६. वोलपत्रदाताहरुले आफ्नो वोलपत्र दाखिलागर्नु अगावै वोलपत्रमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरि पेश गर्न सकिनेछ ।

१७. *वोलपत्रको अन्य डकुमेण्टमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा* पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१८.सुचनामा उल्लेख भएकोमा सोहीवमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१९.वोलपत्रशर्तरहित, केरमेट नभएको मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका डकुमेण्ट फाराममाकुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

२०.वोलपत्र सम्वन्धि थप जानकारीकालागि कार्यालय समयमा यस कार्यालयको योजना तथा प्राविधिकशाखामा सम्पर्क गर्न सकिनेछ ।

शिलवन्दीबोलपत्र सम्वन्धिकार्यको विवरण

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (म्याट वाहेक) | जमानत रकम | वोलपत्रफारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | सु.न.पा.का./इलाम/निर्माण ०१/०७४/०७५ | नगर कार्यपालिकाको प्रशासकीय भवनको तल्ला थप गर्ने कार्य | १,३६,९२,५६६.०२ | ३,५०,०००.०० | ३०००.०० |
| २ | सु.न.पा.का./इलाम/निर्माण ०२/०७४/०७५ | नगरपालिका कार्यालयको लागीचमेना घर साथै E-Libraryभवन निर्माण गर्ने | ५०,८८,१५३.५० | १,२८,०००.०० | ३०००.०० |
| ३ | सु.न.पा.का./इलाम/निर्माण ०३/०७४/०७५ | नगरपालिकाकार्यालय को घेराबेरा गर्ने कार्य | २८,६५,२५९.३३ | ७५,०००.०० | ३,०००.०० |

प्रमुख प्रशासकीयअधिकृत